# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३ मितिः २०७९/०४/०१

# भाग-१

# सिस्ने गाँउपालिकाको विनियोजन ऐन, २०७९

**प्रस्तावनाः**

सिस्ने गाँउ पालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोन गर्न वान्छनिय भएकोले,

नेपालको संबिधान को धारा २२९ को उपधारा (२) बमोजिम सिस्ने गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम सिस्ने गाँउपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ। यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसुची-१ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च, र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५७,१२,४०,४६०।- (अक्षररुपी सन्ताउन्न करोड ब्राह लाख चालिस हजार चार सय साठी रुपैँया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।
३. बिनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७९/८० को निमित्त सिस्ने गाउँपालिकाका वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा ( १) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शिर्षकको रकमबाट जम्मा रकमको १०% प्रतिशत मान नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थापनमा बिनियोजन शिर्षकबाट अन्य चालु खर्च शिर्षकतर्फ सार्न तथा बित्तिय व्यवस्थापन अन्तर्गत सावाँ भुक्तानी खर्च शिर्षकबाट बिनियोजित रकमबाट वित्तिय व्यवस्थापन अन्तर्गत सावाँ भुक्तानि खर्च शिर्षकमा बाहेक अन्यत्र रकम सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र बित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १०% प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

अनुसूची—१
(दफा २ सग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका, वडा तथा विषयगत शाखाको एकमुष्ट रकम | १४,०७,२५,८५७ | १६,५८,१४,६०७ | ० | ३०,६५,४०,४६४ |
| २ | | संघिय सरकार शसर्त अनुदान जम्मा | २०,९८,८२,००० | १,९८,१८,००० | ० | २२,९७,००,००० |
| | | सँघिय सरकार विषेश अनुदान | ७०,००,००० | १,००,००,००० | ० | १,७०,००,००० |
| ३ | | प्रदेश सरकार शसर्त अनुदान | | १,२०,००,००० | ० | १,२०,००,००० |
| | | प्रदेश सरकार विशेष अनुदान | ६०,००,००० | | | ६०,००,००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | ० | |
| ५ | | लगानी (शेयर/ऋण) | | | ० | |
| | | **जम्मा** | **३६,३६,०७,८५७** | **२०,७६,३२,६०३** | | **५७,१२,४०,४६०** |

**मितिः २०७९।०४।०१**

**आज्ञाले,**

**चिन्तामणि दाहाल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**